**मिती २०७४ साल फाल्गुन २९ गतेको चौधौं कार्यपालीका बैठकका निर्णयहरु:**

**निर्णय न १:**

मिती २०७४।११।२३ गते छलफलका लागी टेबुल गरिएको सहकारी सम्बन्धी विधेयक २०७४ को छलफल गर्ने कार्य नसकिएको हुँदा मिती २०७४।११।३० गते बिहान ११:०० बजे हुने बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

मिती २०७४।११।२४ गते कैलालीको घोडाघोडी नगरपालीका वडा न ५ देउकलियाकी १८ बर्षीया श्री राधा चौधरी लाई बोक्सीको आरोपमा गम्भिर कुटपिट गरेको घटनाप्रति यस बैठकको गम्भिर ध्यानाकर्षण भई निजको शिध्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय न ३:**

मिती २०७४।११।२८ गते कैलालीको घोडाघोडी नगरपालीका का प्रमुख श्री ममता प्रसाद चौधरी माथि अज्ञात समुह द्धारा गोली र खुकुरी प्रहार गरि गम्भिर घाइते बनाएको घटना प्रति दु:ख व्यक्त गर्दै उँहाको शिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

**निर्णय न ४:**

मिती २०७४।११।२८ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा युएस बंगलादेशको विमान दुर्घटनामा परि ४९ जनाको निधन भएको घटना प्रति यस बैठकमा शोक प्रस्ताव पारित गर्नुका साथै उक्त घटनाका घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने निर्णय गरियो ।